२०८१ कात्तिक २९ गते

# आयोगका पदाधिकारी छनौट प्रक्रिया विश्वसनीय र पारदर्शी बनाउन माग

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग सत्य निरुपण तथा मेलमिलाप आयोगमा पदाधिकारी सिफारिस गर्न बनेको समितिले कार्य प्रारम्भ गरेता पनि दुवै आयोगमा पदाधिकारी छनौट प्रक्रिया विश्वसनीय र गम्भीरतापूर्वक अगाडि बढ्न नसकेकोप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

द्वन्द्वकालमा भएका मानव अधिकार उल्लङ्घन घटनाको छानविन गरी सङ्क्रमणकालीन न्याय प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने अत्यन्त गम्भीर दायित्व वहन गर्नुपर्ने आयोग गठनको प्रक्रियामा देखिएको कमी कमजोरीले हामीलाई चिन्तित तुल्याएको छ ।

अपर्याप्त समय, अपूर्ण सूचना र व्यापक प्रचार प्रसारको अभावमा छनोट प्रक्रिया प्रतिस्पर्धी र गुणस्तरीय हुने कुरामा संशय उत्पन्न भएको छ । यसबाट सिफारिस समितिको मात्र होइन, केवल औपचारिकता दिएर गठन गरिएमा भावी सङ्क्रमणकालीन न्याय सम्बन्धी आयोगहरूलाई पनि प्रारम्भदेखि नै वैधताको संकटमा धकेल्ने खतरा उत्पन्न भएको छ ।

अतः छनौट प्रक्रियालाई प्रभावकारी र विश्वसनीय बनाउन सक्ने व्यक्तिहरूको खोजी गरी आवेदनका लागि समय बढाउने, विद्युतीय माध्यमबाट समेत आवेदन गर्ने व्यवस्था मिलाउने, सूचनाको व्यापकता बढाउने, सिफारिस समिति स्वयम्ले योग्य व्यक्तिको पहिचान गरी सूचीकृत गर्ने लगायतका कदमबाट व्यापक र प्रतिस्पर्धी बनाउन आवश्यक हरसम्भव उपाय र प्रक्रिया अवलम्बन गर्न सिफारिस समिति समक्ष जोडदार माग गर्दछौँ ।

१. सुशील प्याकुरेल
२. कनकमणि दीक्षित
३. चरण प्रसाई
४. कुन्दन अर्याल
५. दिनेश त्रिपाठी
६. राजु चापागाई
७. मन्दिरा शर्मा

सम्पर्क
सुशील प्याकुरेल
९८५१०६८०८१